# व्यास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०३/२४

**आ.व. २०८३/०८४ को**

**वातावरण शुल्कको ठेक्का सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना !**

व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमौली तनहुँ गण्डकी प्रदेश नेपाल २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा व्यास नगरपालिका आर्थिक ऐनले तोकेको दरको अधिनमा रही व्यास नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायको कर तथा शुल्कका शिर्षकमा आ.व. २०८३/०८४ का लागि ठेक्का लगाउनु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाण-पत्र, पान दर्ता/मुल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष ०८१/०८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपी समेत संलग्न गरी रितपुर्वकको शिलवन्दी बोलपत्र आव्हान गरिन्छ ।

| ठेक्का नं. | विवरण | न्यूनतम अङ्क रु. (कर बाहेक) | फारम दस्तुर रु. | धरौटी रकम रु. (कर बाहेक) |
|---|---|---|---|---|
| 01/ REV/VYASM UN/083/084 | **वातावरण शुल्क** (ढुंगा, चुन ढुङ्गा, गिट्टी, बालुवा, इँट्टा, ब्लक, माटो, जडीबुटी तथा स्थानीय स्तरमा उत्पादन तथा प्रशोधन हुने अन्य वस्तु र सामाग्रिहरु यस नगरपालिका बाट अन्यत्र लैजादा लाग्ने वातावरण शुल्क उठाउने कार्य ) | १,१७,१८,५२०.०० | ३,०००.०० | ३,५१,५६०.०० |

**बोलपत्र सम्बन्धी शर्तहरु:-**

१. बोलपत्र फाराम व्यास नगरपालिका कार्यालयको नेपाल बैंक लिमिटेड दमौली शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०६००३००००१००१००००१ शीर्षक नं. १४२२९ मा तोकिएको शुल्क तिरी PPMO's को website http://www.bolpatra.gov.np/egp बाट Download गरी खरिद गर्न सकिनेछ ।

२. विद्युतीय बोलपत्र पेश गर्दा बोलपत्र खरिद शुल्क माथि उल्लेखित आन्तरिक राजश्व खातामा तिरेको भौचर संलग्न गरी www.bolpatra.gov.np/egp बाट Download गरी उक्त बोलपत्र फारामहरु भरी मिति २०८३।०४।१३ गते दिनको १२:०० बजेसम्म PPMO's को website http://www.bolpatra.gov.np/egp मा सबै कागजातहरु Scan गरी PDF format मा वोलपत्र पेश/दर्ता गर्न सकिने छ ।

३. नियमानुसार विद्युतीय माध्यामबाट दर्ता हुन आएका बोलपत्रहरु मिति २०८३।०४।१३ गते दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

४. विद्युतीय बोलपत्र फाराम दर्ता गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर/मू.अ.करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

६. विद्युतिय बोलपत्र फारम भरी पेश गर्दा आफूले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी धरौटी वापत सूचनामा तोकिएको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड दमौली तनहुं स्थित **धरौटी खाता ०६००३००००३०००००००१** मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाउमा जारी गरेको सोही रकम बरावरको कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र विद्युतिय बोलपत्र साथ पेश गर्नूपर्नेछ । कवोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

७. कुनै शर्त राखी पेश गरेको, र रित नपुगेको विद्युतीय वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

८. PPMO's को website http://www.bolpatra.gov.np/egp मार्फत पेश भएका विद्युतीय वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. विद्युतीय बोलपत्र फाराम पेश गर्दा पालना गर्नुपर्ने अन्य सम्पुर्ण शर्तहरु बोलपत्र फारामको अनुसुचिमा समावेश गरिएको छ ।

शिलवन्दी बोलपत्र सम्बन्धी मुख्य मुख्य शर्तहरु:

१. यस पूर्व यस कार्यालयबाट कुनैपनि कार्यको ठेक्का लिई भुक्तानी गर्न वांकी रहेका व्यक्ति तथा फर्म द्धारा पेश भएको वोलपत्रलाई मान्यता दिईने छैन, तर विदुतिय वोलपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा विद्युतीय वोलपत्र पेश गर्न कूनै वाधा पर्ने छैन ।

२. ठेक्का सम्झौता गर्दा कवोल अंकको मू.अ.कर (VAT) १३% र अग्रिम आयकर वापतको १.५% रकम थप गरी कूल सम्झौता रकम कायम गरिनेछ ।

३. कूनै पनि वन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छूट वा मिनाहाको दावी गर्न पाईने छैन । सामान्य खालका विवादहरु उत्पन्न भएमा वोपत्रदाता स्वयंले व्यवस्थापन गर्नू पर्नेछ

४. बोलपत्रको न्युनतम अंक १२ महिनाको हिसाब गरी निकालिएको हुंदा सम्झौता हुनु पुर्व श्रावण १ गतेदेखि यस नगरपालिकाको कर्मचारीद्धारा उठाइने हुदा सम्झौताका मितिसम्म नगरपालिकाले उठाएको रकम बोलपत्रदाताले कवोल गरेको रकममा घटाएर सम्झौता गरिनेछ ।

५. माथि उल्लेखित सर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का रद्ध गरी वाकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट अशूल उपर गर्ने गरी कानूनी प्रकृया अपनाईने छ साथै अशुल गर्न वाकी रकममा १०% थप क्षतीपुर्ति समेत जोडी सरकारी बाकी सरह अशुल उपर गरिनेछ ।

६. यो ठेक्का सग सम्बन्धित सम्पुर्ण सरोकारवालाको सुविधाका लागि **मिति:२०८३ श्रावण ०६ गते दिनको ११:०० बजे प्रि.विड वैठक राखिने** हूनाले उक्त दिन कार्यालय समयमा ईच्छुक फर्म वा कम्पनीहरुलाई यस कार्यालयमा उपस्थितीका लागि जानकारी गराईन्छ ।

७. सम्झौताका वखत कर सहितको एकमुष्ठ रकमको न्यूनतम ५० प्रतिशत रकम भुक्तानी गर्नु पर्नेछ । वांकी रकमको हकमा मान्यता प्राप्त वाणिज्य वैंकबाट जारी भएको वैंक जमानत पत्र (वैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्र अंङ्कको सम्पुर्ण रकम सम्झौताका बखत एकमुष्ट बुझाउन चाहेमा औचित्य हेरी बढिमा ५% सम्म छुट दिन सकिनेछ ।

८. शुल्क उठाउदां लाग्ने सम्पुर्ण प्रशासनीक खर्च दोश्रो पक्ष स्वयमको हुनेछ, साथै व्यास नगरपालिका बाट प्रमाणित गरेको रसिद राजश्व शाखामा दर्ता गरी प्रयोग गर्नु पर्नेछ ।

९. दर्ता भएका वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहनेछ ।

१०. यस सुचना र वोलपत्र फारममा उल्लेख भए वाहेका अन्य सवै कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

११. बिस्तृत जानकारीका लागी यस कार्यालयको राजश्व व्यवस्थापन शाखामा कार्यालय समय भित्र सर्म्पक गरी जानकारी लिन सकिनेछ ।

व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमौली तनहुँ गण्डकी प्रदेश

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

# व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
## दमौली,तनहु

यस नगरपालिकाका प्राकृतिक साधनको उपयोग गरे वापत वातावरणमा पर्न जाने क्षती न्यूनीकरण गर्न व्यास नगरपालिका क्षेत्र भित्र उत्पादन/प्रशोधन भई अन्यन्त्र सामान लैजादा लाग्ने शुल्क उठाउने कार्य सम्वन्धी गोप्य सिलवन्दी वोलपत्र फाराम

श्रीमान् प्रमूख प्रशासकिय अधिकृत ज्यु,
व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहूं ।

यस व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०८३।०३।२४ मा पहिलो पटक प्रकाशित यस नगरपालिकामा प्राकृतिक साधनको उपयोग गरे वापत वातावरणमा पर्न जाने क्षती न्युनीकरण गर्न व्यास नगरपालिका क्षेत्र भित्र उत्पादन/प्रशोधन भई अन्यन्त्र सामान लैजादा लाग्ने शुल्क उठाउने कार्य सम्वन्धी विद्युतीय बोलपत्र आव्हान गरिएको सुचना अनूसार नगरपालिकाले तोकेको शर्तनामाको अधिनमा रही आफूले कबोल गरेको रकम यो बोलपत्र फाराममा पेश गरेको छु ।

<u>कबोल गरेको रकम अंक र अक्षरमा (कबोल अंक भर्ने ठांउ)</u>

| सि.नं. | विवरण | कबोल गरेको रकम (मु.अ.कर र आयकर बाहेक) | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १. | (वातावरण शुल्क, ढुङ्गा,गिटी,बालुवा,ईट्टा,ब्लक,माटो,जडीबुडी तथा स्थानीय स्तरमा उत्पादन तथा प्रशोधन हुने अन्य वस्तु र सामाग्रीहरु यस नगरपालिका बाट अन्यत्र लैजादा लाग्ने वातावरण शुल्क) | | |

बोलपत्र दाताको दस्तखत:
बोलपत्र दाताको नामथर:
ठेगाना:
छाप:
सम्पर्क मोवाईल नं:
इमेल ठेगाना:

## व्यास नगरपालिकाद्धारा आ.ब.२०८३।०८४ को निर्धारित वातावरण शुल्कका दरहरु

| सि.नं. | विवरण | दर रु. |
|---|---|---|
| १ | ढुङ्गा, गिटी, वालुवा, ग्राभेल र रोडा प्रति क्यु. फिट | २। |
| २ | स्लेट (बिछ्याउने तथा छाउने ढुङ्गा, खरी, चुनढुङ्गा) प्रति क्यू.फिट | ०।५० |
| ३ | ब्लक निकासी प्रति गोटा | ०।२० |
| ४ | इट्टा निकासी प्रति हजार | ५०। |
| ५ | ईट्टा भट्टामा प्रयोग गर्ने माटो प्रति क्यु. फिट | ०।३० |
| ६ | कटिङ ढुङ्गा : १२ इन्चभन्दा सानो प्रति पिस | ०।२५ |
| | १२ इन्च वा सोभन्दा ठूलो प्रति पिस | ०।५० |
| | चुर/फुटेको सिसा (सादा/रंगिन) प्रति के.जी. | ०।५० |
| | फलाम प्रति के.जी. | २। |
| | प्लाष्टिकजन्य पदार्थ प्रति के.जी. | ०।५० |
| | तामा/पित्तल प्रति के.जी. | ३०। |
| | कागजजन्य पदार्थ प्रति के.जी. | १। |
| | सिलौट/जस्ता प्रति के.जी. | १५। |
| | हाड, सिङ्ग, खुर प्रति के.जी. | २। |
| | छाला प्रति पिस | २०। |
| | चुना/पिना प्रति टन | १००। |
| | अन्य प्रति के.जी. | १। |
| ७. | बाँस प्रति घना | २। |
| | निगालो बाँस प्रति गोटा | ०।५० |
| ८. | दाउरा प्रति के.जी. | ०।१० |
| ९ | अन्य कुकाठ गोलाई प्रति क्यु.फिट | १०। |
| | चिरान प्रति क्यु.फिट | १५। |
| १०. | सिसौ गोलाई प्रति क्यु.फिट | २०। |
| | चिरान प्रति क्यु.फिट | ३०। |
| ११. | खयर जातको काठ गोलाई : प्रति क्यु.फिट | २५। |
| १२ | साल जातको काठ गोलाई प्रति क्यु.फिट | ३०। |
| | चिरान प्रति क्यु.फिट | ५०। |
| १३. | पानी प्रति लिटर | ०।०५ |
| १४. | प्लाइउड प्रति वर्गफिट | ०।१० |
| १५. | सुन्तला लगायत फलफूल प्रति के.जी. | ०।२५ |
| १६. | किसानसँग तरकारी खरिद गरी लिने व्यवसायीसँग प्रति क्विन्टल (न.पा.बाहिर जाँदा) | २०। |
| १७. | पशु चौपाया ठूलो : (पाडा, रागा बंगुर) प्रति गोटा (न.पा.बाहिर जाँदा) | ५०। |
| १८. | पशु चौपाया सानो : (खसी, बोका) प्रति गोटा (न.पा.बाहिर जाँदा) | २०। |
| १९. | पंक्षी कुखुरा, हाँस प्रति गोटा (न.पा.बाहिर जाँदा) | १। |

**नोटः** (क) अनुसूचीको १४ को सि.नं.१६ देखि १९ सम्मको उत्पादक किसानको हकमा वातावरण शुल्क लाग्ने छैन ।

***

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत